महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## धार्चे गाउँपालिका, गोरखा

## ८०४३६५०५३००

## धार्चे गाउँपालिका , गोरखा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-१०-६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

धार्चे गाउँपालिका, गोरखा ,

धार्चे गाउँपालिका , गोरखा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१/०८/११ मा छलफल पश्चात् तयार गरिएको पाना ३२ (बत्तिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

ठाकुर प्रसाद पण्डित
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।, info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गोरखा।, gorkha.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीइ सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।यस पालिका अन्तर्गत ७ वडा, ६५२ वर्ग कि मि क्षेत्रफल तथा १४२६३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०७ देखि २०८१।०८।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ३९४२५७०००, राजस्वतर्फ रु. ८७६५३०००, धरौटीतर्फ रु. ६५१२०००, अन्य कारोबारतर्फ रु. ९८०९३००० गरी जम्मा रु. ५८६५१५००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रकम असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रवृत्ति रकम बढी निकासा | २४०० |
| २ | पाठयपुस्तकमा बढी रकम निकासा | १२२७२ |
| ३ | विद्यालयलाई बढी रकम निकासा | १०२००० |
| ४ | भ्रमण भत्ता | ९१०९ |
| ५ | सार्वजनिक खरिद तालिम | ६१२० |
| जम्मा | | १३१९०१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली :**

२.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापन तर्फ:**

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क संकल्न,अभिलेखाङ्कन र व्यवस्थापन नगरेको

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरी आन्तरिकिकरण नगरेको ,

• दिगो विकार लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरीकिकरणको लागि एकिकृत दिर्घकालीन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तै:बैठक भत्ता,तालिम,गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको

• भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

**खरिद व्यवस्थापन तर्फ:**

• सार्वजनिक खरिद ऐन,२०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सिमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ।स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• संचालित योजनाहरुको उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई नगरेको,

• स्थानीय तहले नियममा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

**शिक्षा तर्फ:**

• स्थानीय तहले स्थानीय तहभित्रका अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

**विविध तर्फ:**

• मुल्यअभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धि आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा ई टि डि एस गरेको,

• कार्यालयले उद्वेश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरनको प्रयास गरेको अभिलेख नराखेको,

• कुनै रकम भुक्तानी दिदाँ रित पुगे नपुगेको जाँच गरी रसिद वील भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा होटेलको बिल पेश भएको भएता पनि कार्यालय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन। खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल मात्र राखी खर्च गर्ने परिपाटि नरहेको,

• विभिन्न कार्यक्रमहरुको अनुगमन वापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा सोको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **आन्तरिक लेखापरीक्षण :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ३ वित्तीय विवरण परीक्षण तर्फ :

३.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| एकिकृत आय व्याय विवरण | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्ययतर्फ | | |
| क्र स | विवरण | रकम रु | क्र स | विवरण | रकम रु |
| १ | गत बर्षको जिम्मेवारी | १४६४९००६९.१९ | १ | चालु खर्च खाता | २४९८१२६९५.६२ |
| | संचित कोष खाता | १४०४४७१६९.०१ | २ | पुजिगत खर्च खाता | १४४४४५०८५.०० |
| | प्रकोप व्यवस्थापन कोष | २२३००१५.१८ | ३ | कोष खर्च | |
| | धरौटी खाता | १७७१२५८.०० | | धरौटी खाता | ० |
| | विविध कोष खाता | ३५०६३८.०० | | विविध खर्च खाता | ३८५४७०२.४८ |
| | विविध खर्च खाता | १२३३९८९.०० | ४ | मौज्दात | १३४८१९६०२.६० |
| | विभाज्य कोष खाता | ४५७०००.०० | | संचित कोष खाता | १२२३७५६७१.१५ |
| २ | आन्तरिक राजस्व | ४५५६०९६.५३ | | धरौटी खाता | ८२८४२१५.६४ |
| ३ | संघिय सरकारबाटप्राप्त अनुदान | २७५३२३९९२.०७ | | विभाज्य कोष खाता | ४५७०००.०० |
| | वित्तिय समानिकरणअनुदान | ८१२८२००० | | प्रकोष व्यवस्थापन कोषखाता | २२३००१५.१८ |
| | सशर्त अनुदान चालु | १४९२४११४५.०७ | | विविध खर्च खाता | ११२२०६२.६३ |
| | सशर्त अनुदान पुजिगत | ७३१३२८२.०० | | विविध कोष खाता | ३५०६३८.०० |
| | समपुरक अनुदान | ३६६५०००.०० | ५ | अन्तर सरकारी सामाजिक सुरक्षा भत्ता | ८७०९९३६९.१४ |
| | विशेष अनुदान | ३३८२२५६५.०० | | | |
| ४ | राजस्व बाडफाड | ८३०९७३४६.२८ | | | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | १२४७०३६४.०० | | | |
| | वित्तिय समानिकरणअनुदान | ८३६७००० | | | |
| | विषेश अनुदान चालु | २९६९२३७.०० | | | |
| | समपुरक अनुदान पुजिगत | ११३४१२७.०० | | | |
| ६ | विभिन्न कोष तर्फको आय | १०९९४२१७.६३ | | | |
| | विविध खर्च खाता | ४४८१२६०.६३ | | | |
| | धरौटी खाता | ६५१२९५७.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | अन्तर सरकारी सामाजिकसुरक्षा भत्ता | ८७०९९३६९.१४ | | | | | |
| | | ६२००३१४५४.८४ | | | ६२००३१४५४.८४ | | |
| | | | | | | | |

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ७० लाख ९९ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ।पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसारमौज्दातरु.** | **बैङ्कस्टेटमेन्टअनुसारवर्षान्तकोमौज्दातरु.** | **बैंक ट्रान्सफर** | **फरकरु.** |
|---|---|---|---|---|
| स्थानीयतहसञ्चितकोषखाता | १२२३७५६७१ | १२२३७५६७१ | | ० |
| चालुखर्चखाता | ० | १६५७४८९३ | १६५४४०७३ | ३०८२० |
| पुँजीगतखर्चखाता | ० | २१४२८५ | २१४२८५ | ० |
| विविध कोष खाता | ० | ३५०६३८ | ० | ० |
| विविधखर्चखाता | ११२२०६२ | ११२२०६२ | ० | ० |
| विपदव्यवस्थापनखाता | ० | २२३००१५ | ० | ० |
| स्थानीयविभाज्यकोष | ० | ४५७००० | ० | ० |
| धरौटी | ८२८१२१५ | ८२८४२१५ | ० | ३००० |
| ग१.१, आन्तरिकराजस्वखाता | ४५५४५९६ | ४५५६०९६ | ० | १५०० |
| ग१.२, बाँडफाँडबाटप्राप्तराजस्वखाता | ८३०९७३४६ | ५४३५१२ | ५४३५१२ | ० |
| **जम्मा** | | | | **३५३२९** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१४ करोड ७२ लाख ४२ हजार ४५६ मौज्दात रहेकोमा यो वर्ष रु.१४ करोड ६४ लाख ९० हजार ०६९

जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७ लाख ५२ हजार ३८७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम तर्फ :**

४.१ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गरेको छैन ।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.४८ करोड ५२ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :
उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापनमा सबै भन्दा घटीमा ०.४ प्रतिशत रहेको देखिन्छ । उत्पादनमूलक कार्यमा तथा पूर्वाधार निर्माण जस्ता कार्यमा वढी जोड दिनुपर्ने देखिन्छि ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्चमध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिकविकास | २४३५८५०० | १३९३६७३० | ३.५ |
| सामाजिकक्षेत्र | २६२५३७००० | २२४०२१३७५ | ५६.८ |
| पूर्वाधारविकासक्षेत्र | १३२३९६८०० | ८३६६२०६६ | २१.२ |
| वातावरणतथाविपद्व्यवस्थापन | ३१००००० | १७३३५८५ | ०.४ |
| वित्तीयव्यवस्थापनरसुशासन | ४९५६६०० | ४६०८२६३ | १.१६ |
| कार्यसञ्चालनतथाप्रशासनिकखर्च | ८६९५२२०० | ६६२९५७६१.५५ | १६.८ |
| **जम्मा** | | ३९४२५७७८८० | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापनमा सबै भन्दा घटीमा ०.४ प्रतिशत रहेको देखिन्छ । उत्पादनमूलक कार्यमा तथा पूर्वाधार निर्माण जस्ता कार्यमा वढी जोड दिनुपर्ने देखिन्छि ।

सैद्धान्तिक बेरुजु

४.५ **खर्च बिश्लेषण :** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.४५५६०९६, राजस्व बाँडफाँड र अनुदानबाट रु.५००८९१७०२ समेत रु.५०५४४७७९८ आम्दानी भएकोमा चालु तर्फ रु.२४९८१२६९५ र पूँजिगत तर्फ रु.१४४४४५०८५ समेत रु.३९४२५७७८० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०४८२०००। खर्च भएको छ जुन आन्तरिक आयको २३० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.८ प्रतिशत चालु र २८.८३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा तुल्नात्मक रुपमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **त्रैमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

| बजेटउपशिर्षक | कुलखर्च | त्रैमासिकखर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो |
| | १४४४४५०८५ | १९७०३७ | ९६४०१७० | २४९००७३३ | १०९७०६१४५ |
| प्रतिशत | १०० | ०.१३ | ६.६७ | १७.२५ | ७५.९५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१४ करोड ४४ लाख निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१ लाख ९७ हजार ( ०.१३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९६ लाख ४० हजार ( ६.६७ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु.२ करोड ४९ लाख ( १७.२५ प्रतिशत) र चौथो त्रैमासिक रु.१० करोड ९७ लाख (७५.९५) खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक

रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.७ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१० लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.९ लाख ४ हजार खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.८ **रकमान्तर :** धार्चे गाउँपालिकाको विनियोजन ऐन २०७९ को दफा २ मा कार्यपालिका वडा समिती र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा सार्न सक्नेछ र यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक शिर्षकवाट एक भन्दा वढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था रहेको छ। । यस पालिकाले गाउँसभावाट विभिन्न ५८ खर्च कृयाकलापवाट ३ करोड ४१ लाख ८ हजार रकम घटाएर सोहि रकम ८६ वटा योजनामा वढाई कार्यक्रम संसोधन मार्फत विभिन्न शिर्षक तथा योजनामा रकमान्तर गरेको छ । असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ। नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्न गम्भिर ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने सार्वजनिक खरिद ऐन २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ :

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्तिमूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| सवारीसाधन (रु.१लाखभन्दाबढी) | २०८०।१०।१९ | १ | ५२५०००० | जे सि वि |

सैद्धान्तिक बेरुजु

६ **ठेक्का व्यवस्था तर्फ :**

६.१ **ठेक्का व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.८५ देखि ५३.६२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै

निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| **क्र.सं.** | **योजनाको नाम** | **स्वीकृतल.ई.(भ्याट र कन्टीनजेन्सी सहित)** | **ठेक्का नं** | **ठेक्का स्वीकृतरकम(भ्याट र कन्टीनजेन्सी सहित)** | **घटी प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | माछीखोला खानेपानी योजना | ३२९५०१३९.५२ | DRM/NCB/WORK/03/080-81 | २७७११४३३.५७ | १५.९ |
| २ | रुन्चेत खानेपानी योजना | २०५३६४५३.३२ | DRM/NCB/WORK/02/080-81 | १८९८९८०४.०९ | ७.५३ |
| ३ | भि सि थमन मार्ग | ६७८६०६५०.०९ | DRM/NCB/WORK/04/080-81 | ५०५४७४२१.७७ | २५.५१ |
| ४ | सर्जनबेसी काशिगाउ सडक | १२७८०८९८.९० | DRM/NCB/WORK/05/080-81 | ५९२७३९१.३२ | ५३.६२ |
| ५ | गुम्दा कोल्ड स्टोर | ४२३६१४४.७३ | DRM/NCB/WORK/01/080-81 | ३९८८२३०.६५ | ५.८५ |

सैद्धान्तिक बेरुजु

६.२ **ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **ठेक्का व्यवस्थापन तर्फ :**

७.१ **परामर्स तथा डीपीआर खर्च :** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ :

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| कार्यविवरण | परामर्शदाता | स्वीकृतरकम | खर्चरकम |
|---|---|---|---|
| जग्गा वर्गिकरण | तारापुञ्ज ईन्जिनियरिङ एण्ड रिसर्च | १५०००० | १४४६००० |
| नमूना बस्ती नादुर डाडा पर्यटन पूर्वाधार | जेनेक्स इन्जिनियरिङ सोलुसन प्रा लि | ५००००० | ४९७००० |
| तातोपानी उहिया वेशी | इष्ट इन्जिनियरिङ सोलुसन प्रा लि | ५००००० | ४९७००० |
| नौली खोला झरना क्यानोनिङ र भिया फटारा पुर्वाधार | फाईभ स्टार इन्जिनियरीङ्ग सर्भिसेस प्रा लि | ६००००० | ५९५००० |
| लापु देखी गुम्दा सम्म सडक | गतिशिल इन्जिनियरीङ्ग सर्भिसेज प्रा लि | ५००००० | ४९६००० |
| चामखार्क सेलका कुण्ड आमा समुह भवन | के.एम.बिल्ट एण्ड कन्सल्ट प्रा लि | २००००० | १९६४५६ |

सैद्धान्तिक बेरुजु

७.२ **प्राविधिक बिल र कार्य सम्पन्न :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.३ **अधुरा आयोजना :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.६ करोड ५० लाखका दुई योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ :

| निर्माण व्यसायीको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता रकम | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| BKOI-Hemanta J.v. | DRM/NCB/WORKS/02/077/078 | २०७८।०१।०५ | .५३५३८६१७ | २ | ५४ प्रतिशत भौतिक प्रगति |
| गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चन्डिसर प्रा.लि. | DRM/NCB/WORKS/01/078/079 | २०७८।११।२३ | ११४३२७६३ | २ | ४० प्रतिशत भौतिक प्रगति |

सैद्धान्तिक बेरुजु

७.४ **म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी

गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ :

| ठेक्का नं. | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्मको भुक्तनी प्रतिशत | म्याद थप अवधि | सुरु अवधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०२।०७७।०७८ | गाउँपालिका भवन निर्माण | २०७८।०१।०५ | ५३५३८६१७.८५ | २०८०।११।२९ | ५४ | १ वर्ष | ११.११ |
| ०१।०७८।०७९ | गुम्दा सभाहल | २०७८।११।२३ | ११४३२७६३.६ | २०८१।१०।२९ | ४० | १ वर्ष | ३५.२९ |
| ०१।०७९।०८० | प्रभात किरण मा.वि. | २०८०।०२।०४ | ३५४६३७१९.४ | २०८१।०३।१५ | ५२ | १ वर्ष | |
| ०५।०८०।०८१ | सर्जनबेशी काशिगाउँ सडक | २०८१।०१।०६ | ५९२७३९१.३१ | २०८१।०३।१६ | १४.९४ | १ वर्ष | |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ४ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका एक ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । पालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप गर्नुपर्ने तथा सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७.५ **लागत सहभागिता :** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७.६ **योजना अनुगमन :** योजनाको अनुगमन प्रतिवेदन गर्दा अनुगमन भएको मिति उल्लेख गर्ने गरेको देखिएन । साथै अनुगमन प्रतिवेदनमा अनुगमन समितिबाट कैफियत उल्लेख गर्ने व्यवस्था भएता पनि प्राय प्रतिवेदनमा केही कैफियत उल्लेख गर्ने गरेको देखिएन । जस्ले गर्दा अनुगमन प्रतिवेदन पारम्पारिक र नियमित जस्तो मात्र देखिन्छ । अनुगमन प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु ३० लाख ३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **जिन्सी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १५६ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र. सं. | कार्यक्रमकोनाम | योजनासङ्ख्या | रु.२० लाख माथिकायोजनासङ्ख्या | रु.५लाखदेखि२० लाखसम्मकायोजनासङ्ख्या | १देखि ५लाखभन्दाकमकायोजनासङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७१ | ३ | ३३ | ३५ |
| २. | वडास्तरीय | ८५ | २ | ११ | ७२ |
| जम्मा | | १५६ | ५ | ४४ | १०७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।२० लाख माथिका योजना न्यून हुनले योजना वितरणमुखी गरी बजेट विनियोजन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

सैद्धान्तिक बेरुजु

१२ **लक्ष्य प्रगती :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ :

| **कार्यक्रम/योजना** | **कुलकार्यक्रम** | **वार्षिकप्रगतिस्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्यप्रगति** | **२५%सम्मप्रगति** | **५०% सम्मप्रगति** | **७५% सम्मप्रगति** |
| **कार्यक्रमसंख्या** | ४६५ | ८४ | ६ | १८ | ३५७ |

सैद्धान्तिक बेरुजु

१३ **सेवा प्रवाह :**

स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा पालिकाको काम कर्तब्य र अधिकारको व्यबस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जम्मा जन्म दर्ता ६५९ , मृत्यू दर्ता १७६ तथा विवाह दर्ता १९० वटा, सम्बन्ध विच्छेद २२, बसाई सराईं दर्ता १९, नाता प्रमाणित लगायतमा वटा सिफारिस गरी सेवा प्रवाह गरेको देखियो। पारिवारिक लगतको अभिलेख आदि तयार गरेको छैन। स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून तथा मापदण्ड समेत बनाएको छैन। ऐन बमोजिम कानून बनाई सोको अभिलेख ब्यवस्थित गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **औषधि खरिद :**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघिय सर्शत र पालिकाको आन्तरिक श्रोतबाट देहायका फर्मसँग रु.२५ लाख ३६ हजारको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ :

| गो.भौ.नं./मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ७८/२०८१।०२।३१ | हेल्पिङ्ग हेल्थ प्रा लि | ६८७८११ |
| ४१/२०८०।०९।२७ | युनिग्लोब हेल्थ केयर प्रा लि | ४९९११९ |
| ३८/२०८१।०३।२१ | फारमेसि मेड्स प्रा लि | ७२३६९७ |
| २९/२०८१।०२।३१ | हेल्पिङ्ग हेल्थ प्रा लि | ६२५८५३ |
| **जम्मा** | | **२५३६४८०** |

सैद्धान्तिक बेरुजु

१५ **सहकारी नियमन :**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन् । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **स्थानीय दर रेट :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कानून निर्माण एंव कार्यान्वयन तर्फ :**

१७.१ **कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, ५६ कार्यविधि ,१३ वटा निर्देशिका लगायत ९५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले एक तिहाई कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष २२ वटा उजुरी परेकोमा सम्पूर्ण उरुजी फछर्यौट भई बाँकी नरहेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

१८ **आर्थिक सहायता :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.४६५४२० आर्थिक सहायता वितरण गरेको पाइयो । पालिकाले सहायता प्राप्त गर्ने ब्यक्तिको विवरण वेवसाईटमा सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्ने देखिन्छ। यस्तो खर्चमा कार्यविधिद्वारा व्यवस्थित गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १५ योजना सञ्चालन गरी यस वर्ष ९३ जनालाई औसत १०० दिनले १५०० दिन रोजगारी उपलव्ध गराई रु.७४५५४४५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०५ जना पदपूर्ती भएको तथा ३२ जना पदपुर्ति रिक्त रहेको देखिन्छ ।कर्मचारी पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **तलवी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ शिक्षा ऐन २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३२ कर्मचारीको रु.१९८८४९८३ र पालिकाका ११ कर्मचारीको रु.७२२२२६८ समेत रु.२७१०७२५१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **म्याद ननाघेको पेश्की :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ५ योजनामा निम्न निर्माण व्यवसायिलाई रु.४९०४५३२ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्योंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ :

| **सि.नं.** | **पेश्की लिनेको नाम** | **पेश्की लगेको मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|---|
| १ | सुनामी एस.ए.जे.भी | २०८०।०९।१२ | मेगा विद्यालय होस्टल वल्क निर्माण | १२१४५३२ |
| २ | बिष्णु साङ्देन एच एस डब्लु जेभी | २०८१।०१।०७ | भि.सी थमन मार्ग | ९२२५०० |
| ३ | बिष्णु साङ्देन एच एस डब्लु जेभी | २०८१।०१।०७ | भि.सी थमन मार्ग | ९२२५०० |
| ४ | बिष्णु साङ्देन एच एस डब्लु जेभी | २०८१।०३।१० | भि.सी थमन मार्ग | ९२२५०० |
| ५ | बिष्णु साङ्देन एच एस डब्लु जेभी | २०८१।०३।१० | भि.सी थमन मार्ग | ९२२५०० |
| **जम्मा** | | | | **४९०४५३२** |

सैद्धान्तिक बेरुजु

२३ **आन्तरिक आय तर्फ :**

२३.१ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.४५ लाख ५६ हजार अर्थात अनुमान भन्दा २४.०७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२३.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| **केन्द्रीयअनुदानबाटखर्च** | **आन्तरिकआय** | **आन्तरिकआयप्रतिशत** |
|---|---|---|
| २७५३२३ | ४५५६००० | १.६५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३.३ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली

स्थिति निम्नानुसार रहेको देखिन्छ :

| राजस्वसंकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | सम्पती कर | ३०००००० | ११२२३० | ३७.४ |
| ११३१४ | भुमिकर/मालपोत | १५०००००० | ९८६७२८ | ६५.७ |
| ११६९१ | अन्य कर | ३०००००० | १२०८८० | ४० |
| १४२४३ | सिफारिशदस्तुर | ८०००००० | ४६७५०० | ५८ |
| १४२४९ | अन्यदस्तुर | १०००००० | ४३८२२२ | ४३८ |
| १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | ५०००००० | ६८१२३० | १३६ |
| १४५२९ | अन्यराजस्व | १०००००० | ८६९४०० | ८६९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले करदाताको नामाङ्कन गरी करको दायरामा ल्याउने तर्फ जोड दिनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४२७५० सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **प्रमाण पेश गर्नुपर्ने :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीहरुको आवश्यक प्रमाण बेगर भुक्तानी गरेकोले देखिएकोले सोको प्रमाण पेश गर्नु पर्ने :

२४.१ (०२-२०८०-९-५):

पालिकाले माछीखोला सप्लायर्सबाट १२ वटा त्रिपाल (शक्तिमान त्रिपाल) रु.३५५० का दरले रु.४२६०० भुक्तानी भएकोमा त्रिपाल वितरण भएको भरपाई पेश नभएको वितरणको भरपाईको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४२,६०० |
|---|---|

२४.२ (०२-२०८०-९-५):

पालिकाले बुद्ध फेन्सी पसलबाट N.S पाईप (२५ मि.) ६०० मि. रु.७० का दरले रु.४२००० र N.S पाईप ३२ मि. २०० मि. रु.१०५ का दरले २१००० गरी भ्याट सहित रु.७११९० को भुक्तानी भएकोमा पाईप जडानको प्रमाण पेश नभएकोले पाईप जडानको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,१९० |

२५ **बैठक भत्ताः**

धार्चे गाउँपालिकाको खर्चको मापदण्ड, २०८० को वुँदा नं ३ बैठकमा सहायक कर्मचारी एक जना र सहयोगी कर्मचारी एक जनाका साथै विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना विशेषज्ञ आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था छ । पालिकाले बैठक संचालन गर्दा आमन्त्रित कर्मचारी तोकिएको संख्या भन्दा वढी राखी बैठक भत्ता वितरण गरेको देखिन्छ । तसर्थ, बैठक तोकिएको मापदण्ड अनुसार संचालन गर्नुतर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **भू उपयोग वर्गीकरण**

भू उपयोग ऐन २०७६ को दफा ४ को उपदफा ६ मा सम्बन्धित स्थानीय भूउपयोग परिषदले यस ऐन बमोजिम निर्धारित आधार, मापदण्द तथा मन्त्रालयले तयार गरेको कार्यविधिको आधारमा भूउपयोग क्षेत्रमा बर्गीकरण गर्नुपर्ने तथा नियमावली को नियम ५ मा भूउपयोग क्षेत्रको वर्गीकरण गर्दा स्थानीय आवश्यकता, भूउपयोग नक्सा तथा भूउपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्द र क्षेत्रफलको आधारमा स्थानीय तहले आफ्नो सीमानाभित्र भूउपयोग क्षेत्र वर्गीकरण गर्नुपर्ने उल्लेख छ ।पालिकाले भूउपयोग बर्गीकरण गर्ने गरी भौचर नं ३२२।२०८१।३।२३ बाट तारापुंज इन्जिनियरिङ्ग एण्ड रिसर्च लाई भूउपयोग बर्गीकरण अध्ययन गर्ने कार्यको लागि रु १४४६४०० भुक्तानी दिएको देखिन्छ । ऐन को दफा ५ मा भूउपयोग क्षेत्रको नक्सा संघीय मन्त्रालयले तयार गरी स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको देखिन्छ । तसर्थ, पालिकाले संघीय मन्त्रालयबाट तयार पारिएको नक्सा प्राप्त गरी प्रचलित कानूनको परिधिमा रही स्थानीय भूउपयोग परिषदको निर्णयको आधारमा भूउपयोग क्षेत्र बर्गीकरण गर्ने कार्य गर्नुपर्नेमा सो गरेको नदेखिएको हुँदा अध्ययन प्रतिवेदनको आधारमा आगामी दिनमा प्रचलित कानूनको अधिनमा रहि भू-उपयोग बर्गीकरण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्द संघीय कानून बमोजिम हुनेछ भनी व्यवस्था गरेको छ ।गण्डकी प्रदेश राजपत्रमा मिति २०७९। ६।६ मा प्रकाशित स्थानीय सेवा गठन र संचालन अध्यादेश, २०७९ को दफा ११६ मा उचित पुरस्कार तथा सम्मान दिन सकिने व्यवस्था रहेको तथा सो बाहेक अन्य भत्ताको व्यवस्था रहेको देखिदैन । संघीय सरकारको निजामती सेवा ऐन, २०४९ मा कुनै प्रोत्साहन भत्ताको व्यवस्था नभएको अवस्थामा स्थानीय तहले स्थानीय सरकार संचालन ऐन विपरित हुने गरी पालिकाले प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुलाई रु २३२८०९६ प्रोत्साहन भत्ता तथा फिल्ड भित्ता वितरण गरेको परीक्षणबाट देखिएको छ ।तसर्थ, पालिकाले स्पष्ट सूचक तथा मापदण्ड तथा प्रमाणित कागजातको आधारमा मात्र अतिरिक्त सुविधाको व्यवस्था गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **पुस्तिका छपाई**

सार्वजनिक खरिद ऐन २०६४ को दफा अनुसार कुनै पनि मालबस्तु खरिद गर्नु अगाडी लागत अनुमान तयार गराई स्वीकृत गरी खरिद गर्नुपर्दछ ।पालिकाले भौचर नं १५३।१०।१९ बाट बेष्टर्स प्रिन्टिङ्ग सपोर्ट प्रा लि लाई नीति तथा कार्यक्रम पुस्तिका छपाई बापत रु २३३३४५ भुक्तानी गरेको देखिन्छ ।पालिकाले लागत अनुमान बेगर ७०० प्रति नीति तथा कार्यक्रम छपाई गरी प्रति प्रति रु ३३३ का दरले उक्त रकम खर्च गरेको देखिन्छ तथा केही पुस्तिका कार्यालयको स्टोर्स शाखा भण्डारण भएको र बाँकी पुस्तक वितरण भएको जानकारी दिइएकोमा कसलाई कुन परिमाणमा वितरण भएको नदेखिएको तथा अधिकांश पुस्तक स्टोर्स शाखामै रहेको भेटिएका हुँदा गाउँपालिकाले यथार्थपरक ढङ्गले अनुमान गरी पुस्तक प्रकाशन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **स्वास्थ्य विमा कार्यक्रम**

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ मा प्रचलित कानून बमोजिम अति गरिव परिचयपत्र प्राप्त परिवारको शत प्रतिशत, अति अशक्त व्यक्तिको शत प्रतिशत, ७० वर्ष माथिका व्यक्तिको शत प्रतिशत, महिला स्वास्थ्य स्वयस्विकाको पचास प्रतिशत पालिकाले कार्यविधि बनाएर बीमा कार्यक्रम संचालन गर्ने सकिने व्यवस्था छ ।पालिकाले भौचर नं २६६।३।१४ बाट वडा नं १ का विभिन्न ५५ घरधुरीका परिवारको प्रति परिवार ३५०० का दरले १९२५०० विमा शुल्क विपत राष्टिय विमा बोर्डलाई भुक्तानी गरेको देखिन्छ । यसरी पालिकाले कुन घर परिवार कुन वर्गमा परेको उल्लेख तथा प्रमाणित नगरी विमा कार्यक्रम संचालन गरेको देखिन्छ ।अतः नियमावलीको बर्गीकरणलाई समावेश गरी मापदण्दको आधारमा विमा कार्यक्रम संचालित गर्नुपर्नेमा सो नगरेकाले अनियमित रकम रु

| | |
|---|---|
| अनियमित भएको | १,९२,५०० |

३० **गत विर्षको भुक्तानी बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा बिल भरपाई सहितको लेखा राख्नुपर्ने र चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्ने पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिमको भुक्तानी आगामी वर्ष गर्ने सक्ने व्यवस्था छ ।निम्नानुसार भौचर नं बाट भुक्तानी दिएकोमा भुक्तानी बाँकीको कच्चाबारी विवरण गाँऊपालिका गाउँसभाबाट स्वीकृत गरी रु ११६९००० भुक्तानी दिएकाले नियमावली अनुसार भुक्तानी बाँकीको विवरण प्रमाणित गरी आगामी आर्थिक बर्षको बजेट तयार गर्दा सो रकम समेत समावेश गरी भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| फुङ्ग | ३५०००० | पुस्तक प्रकाशन |
| वाईफाई जडान | ८०६००० | वाईफाई जडान |
| विविध | १३००० | अन्य विविध खर्च |
| जम्मा | ११६९००० | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३१ **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ व ०८०।८१ मा पालिकाका विद्यालयको आर्थिक लेखापरिक्षणको लागि गो भौ नं ०९।०८०।०६।२१ बाट रु २९०००० रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| केरौजा मावि | १५००० |
| कालरात्री मावि | १५००० |
| इच्छा आवि | १०००० |
| तातोपानी आवि | १०००० |
| गोरखनाथ आवि | १०००० |
| जनसेवा आवि | १०००० |
| हिमालय आवि | १०००० |
| चन्द्रदेवी आवि | १०००० |
| जम्मा रकम | ९०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

३२ **सट्टा शिक्षक :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ। जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तह सम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परिक्षा व्यवस्थापन जस्ता कार्यहरु गर्नुपर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन पश्चात स्रोत केन्द्र सम्वन्धी व्यवस्था खारेज भएता पनि पालिकाले स्रोतव्यक्तिको रुपमा सुर्योदय मा वि मा कार्यरत शिक्षकलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा शिक्षक नियुक्ति गरी तलव भत्ता शिर्षकमा पालिकावाट रु.३२५०००।०० खर्च लेखेको देखिन्छ। यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेकोले पालिकामा थप व्ययभार परेको रु

| | |
|---|---|
| अनियमित भएको | ३,२५,००० |

३३ **वितरणमुखी खर्चः**

सार्वजनिक निकायले सार्वजनिक रकम खर्च गर्दा उत्पादनमूलक तथा रोजगारमूलक कार्यमा खर्च गर्नुपर्दछ ।पालिकाले निमन्न भौचरबाट विभिन्न व्यक्ति तथा संस्थालाई वितरणमुखी कार्यक्रममा रकम विनियोजन गरी खर्च गरेको देखिन्छ ।तसर्थ, वितरणमुखी कार्यमा नियन्त्रण गर्दै दीर्घकालिन पुँजी निर्माण गर्ने कार्यमा खर्च गर्नुतर्फ ध्यान दिनुपर्दछ ।

| भौचर नं | व्यक्ति संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १८६।११।२६ | इमान गुरुङ्ग | सगरमाथा आरोहण गरेको | ६०००० |
| | नानुमाया गुरुङ्ग | सगरमाथा आरोहण गरेको | ४०००० |
| २७४।३।१६ | लाप्राक आर्टस ग्यालरी | पेन्टिङ्ग | १४८५९६ |
| २७९।३।१६ | रेस सिङ्गला मेला व्यवस्थापन | मेला व्यवस्थापन | १५०००० |
| २८१।३।१६ | काशि गाँउ कला संस्कार संस्कृति समिति | झाँकी प्रदशनी | ८०००० |
| ३२९।३।२३ | गुम्दा एकता युवा क्लव | साउण्ड सिप्टम | ३००००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **ईन्टरनेट जडान अनुदान:**

कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ । पालिकाले गो भौ नं ३३। ०८०।०९।२५ बाट पालिकाको देहाएको विभिन्न विद्यालयमा इन्टरनेट जडान वापतको रकम भुक्तानी गरेकोमा जडान भएको प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको एकिन गर्न नसकिएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा इन्टरनेट जडान नभएको विद्यालयमा निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु

| विद्यालयको नाम | रकम |
|---|---|
| सिंहदेवी आवि | १२००० |
| गोरखनाथ आवि | १२००० |
| जनसेवा आवि | १२००० |
| हिमालय आवि | १२००० |
| चन्द्रदेवी आवि | १२००० |
| लाक्पाल आवि | १२००० |
| शान्ती आवि | १२००० |
| जम्मा रकम | ८४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,००० |

३५ **नापि भन्दा बढी भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ अनुसार वास्तविक कार्यसम्पादनको आधारमा नापी किताब अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ३४।०८१।०३।२१ मा रुन्चेत खानेपानी आयोजनाको लागि सफल निर्माण सेवालाइ दोस्रो रनिङ विलबाट रकम भुक्तानि गर्दा नापी किताब बमोजिमको जम्मा कर रकम ३७८६८३ कट्टी गरि भुक्तानी गर्नुपर्नेमा कम कर रकम ३३५११७ कट्टी भएकोले रु ४३५६६ सम्बन्धित निर्माण व्यवसायीलाइ बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,५६६ |

३६ **बढी भुक्तानी:**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ३९।०८१।०३।२२ मा मेलमिलाप सम्बन्धी जनचेतनामूलक अडियो तथा भिडियो निर्माण कार्यको लागि शुभकामना मिडिया सोलुशन प्रालिसँग भ्याट सहित रु ४९५००० सम्झौता गरेकोमा पेश गरेको बिलको आधारमा सम्झौता भन्दा बढी रकम ४९९९९९ भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९९९ |

३७ **सामाजिक सुरक्षा तर्फ :**

सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.८,७१,५२,६२९ खर्च गरेको छ।यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत २१२० जना लाभान्वित

भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । आ.व.२०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ७ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.२,१५,९१,७३६।- दोश्रो त्रैमासिकमा रु.२,१८,३१,५३८।- तेश्रो त्रैमासिकमा रु.२,१७,७६,५१८।- र अन्तिम त्रैमासिकमा रु.२,१९,१८,१७७।- गरी जम्मा रु.८,७१,५२,६२९।- खर्च लेखाङ्कन गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैर सरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिर्वाय रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका पालिकाका अतिरिक्त सम्बन्धित वडा पालिकामा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको पालिकामा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाईं नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अत: कार्यविधिमा उल्लेख भएको बमोजिमको कानूनको पूर्ण रुपमा पाल्ना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **आन्तरिक श्रोत परिचालन तर्फ :**

३८.१ ढुङ्गा गिटि बालुवा : पालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ (माघ) मा तयार गरेको प्रतिवेदन अनुसार रेशे खोलाको तिनघाट र बुढीगण्डकीको चारघाट गरी विभिन्न ७ घाटबाट ३६०२२ घन मिटर नदीजन्य पदार्थ उत्खन्न गर्ने क्षमता भएकोमा पालिकाले २०८०।०६।०३ मा बोलपत्र आहवान गरी २८०१७.१५ घनमिटरको लागि सुचना प्रकाशन भएकोमा कुनै पनि ईच्छुक बोलपत्रदाताबाट निवेदन पेश गरेको देखिएन । पालिकाको अभिलेख अनुसार दोस्रो पटक सुचना प्रकाशन गरिएको भएता पनि उक्त सुचना प्रकाशन संग सम्बन्धित विवरणहरु लेखापरीक्षणको क्रममा पेश भएन। पालिकाले स्थानीय उपभोक्ता समिति मार्फत संचालन आयोजनाहरुमा कार्यपालिकाको निर्णय अनुसार बालुवा प्रयोगको आधारमा रु.२५८४५० राजस्व संकलन गरेको देखिन्छ । दुवै नदी खण्डको सबै घाटबाट हुन सक्ने चोरी निकासी पैठारीको लागि पालिकाले आवश्यक व्यवस्था/नियन्त्रण गरेको देखिएन । यसबाट राजस्व चुहावट भए नभएको यकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

३८.२ **राजस्व छुट :** ढुङ्गा गिटि बालुवा (नदीजन्य पदार्थ) प्रयोग गरी उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य राजस्व नलिएको केही उदहारण :

| भौ.नं./मिति | कार्य/योजना | ढुङ्गा (घ.मि) | प्रति घ.मि.दर | रकम |
|---|---|---|---|---|
| २६/२०८१।०२।०६ | माछीखोला पाटिप्यालेस उ स | १७.४३ | ३१७.८७ | ५५४०.४७ |
| २२/२०८१।०१।०८ | पिसाङ्ग पदमार्ग | १७४.४६ | ३१७.८७ | ५५४५५.६० |
| २३/२०८०।१०।१२ | हावा डाडादेखी भिरकुण गोरेटोबाटो | ४०.३३ | ३१७.८७ | १२८१९.६९ |

अत:पालिकाले निर्णय गरी आन्तरिक योजनाहरुबाट राजस्व परिचालन गर्नुपर्ने तर्फ ध्यान दिनु पर्दछ।

**पालिकाको जवाफ :** पालिकाले अगामी वर्षदेखि उपभोक्ता समिति मार्फत गरिने निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा गिटी लगायतको नदीजन्य पदार्थमा राजस्व संकलन गर्नको लागि गाउँसभामा प्रस्ताव लैजाने जवाफ दिएको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८.३ **नदीजन्य पदार्थमा मु अ कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको मिति २०८०।०७।१७ को बैठकले रेशे खोला तथा बुढीगणडकी खोलाबाट आन्तरिक योजनाहरुमा प्रयोग हुने नदीजन्य पदार्थहरुमा कर लगाउने निर्णय गरेको छ। पालिकाले यस वर्ष बालुवाविक्रीबाट रु.२५८४५० राजस्व संकलन गरेकोमा सोको १३ प्रतिशतले हुने मु अ कर रु.२९७३३ राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २९,७३३ |
|---|---|

३९ **खरिद भन्दा बढी दरमा भुक्तानी :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले रकम भुक्तानी लिन पेस गरेको बिल भरपाई तथा कार्यबिलको परीक्षण गर्दा खरिद गरेको सिमेन्टको विजकमा उल्लेख गरेको दरभन्दा बढी दर राखी भुक्तानी दिएकोले रू९७५९८।- असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

| भौ.नं./मिति | कार्यक्रम/योजना | सामान | परिमाण/ इकाई | भुक्तानी दर (जिल्ला दररेट) | भुक्तानी हुनुपर्ने (विजक दर) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २६/२०८१।०२।०६ | माछी खोला पाटि प्यालेस | पाईप | ९५३ के जी | ११३ | १०२.८८ | ९६४४ |
| ४०/२०८१।०२।३२ | खोर्ला बेसी खोला ढलान उ स | सिमेन्ट | ६४ बोरा | ७१० | ५५० | १०४०० |
| ५६/२०८१।०३।१४ | चामाखडक कूलो निर्माण उ स | सिमेन्ट | ८० बोरा | ७१० | ६६२ | ३८४० |
| ३१/२०८१।०२।०७ | वडा कार्यालय व्यवस्थापन उ स वडा नं.२ | सिमेन्ट | ३० बोरा | ७१० | ५१० | ६००० |
| ४९/२०८१।०३।१२ | सिङ्गला गुम्बा भवन निर्माण कार्य | सिमेन्ट | १९६ बोरा | ७१० | ५७६ | २६२६४ |
| ४९/२०८१।०३।१२ | सिङ्गला गुम्बा भवन निर्माण कार्य | सिमेन्ट | १०० बोरा | ७१० | ६०० | ११००० |
| ८३/२०८१।०३।१३ | थेप्चे देखी तल्लो गाउँसम्म बाटो निर्माण | सिमेन्ट | ७५ बोरा | ७१० | ५०० | १५७५० |
| ७६/२०८१।०३।२२ | गणेश हिमाल आ वि भवन निर्माण दोभान | सिमेन्ट | ७०० बोरा | ४२६ | ४०५ | १४७०० |
| **जम्मा** | | | | | | **९७५९८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,५९८ |

४० **नश्ल सुधार :** (११२-२०८१-३-१८):

कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत नश्ल सुधार गर्ने उद्देश्यले पालिकाले त्रियासा ट्रेडिङ्ग कन्सलटबाट कन्टेनर लगायतको ११ आइटम रु.१७८७०८ मा खरिद गरेकोमा हालसम्म संचालनमा आएको नदेखिएकोले उक्त कन्टेनर सेट समयमै संचालनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४१ **प्रशासकिय भवन निर्माण कार्य :**

**विलम्ब शुल्क :** BKOI Hemanta J.v. ले पालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि २०७८।०१।०५ मा रु.५३५३८६१७ (मु अ कर समेत) मा २०७९।१०।२९ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आ व २०७९।०८० मा रु.२८६०२०४३ भुक्तानी भएकोमा देखिएको ब्यहोरा निम्नानुसार छ:

४१.१ उक्त भवनको हालसम्म ५४ प्रतिशत मात्र भौतिक प्रगति भएको देखिन्छ,

सैद्धान्तिक बेरुजु

४१.२ कार्यपालिकाको २०८१।०३।१९ को बैठकले २०८०।११।३० देखि २०८१।०२।३० सम्म ९० दिनको विलम्ब शुल्क लगाइ २०८१।११।२९ सम्म म्याद थप गरेको देखिन्छ । उक्त ठेक्काको General condition of contract को बुँदा नं.५५(१) मा तोकेको दर ०.०५ प्रतिशत/प्रतिदिनका दरले विलम्ब शुल्क लगाउनु पर्ने व्यवस्था छ । उक्त ठेक्काको सम्झौता रकम मु अ कर बाहेक रु.४६७८२३३६ को ०.०५ प्रतिशतले हुने (९० दिन ) रु.२१०५२०५ पूर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,०५,२०१ |

४१.३ प्रथम पटक २०७९।१०।२९ देखि २०८०।११।२९ सम्मको म्याद अवधिमा उक्त निर्माण व्यवसायिले कुनै कार्य गरेको देखिदैन।

सैद्धान्तिक बेरुजु

४२ **उपभोक्ता समिति :**

४२.१ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मेशीन, औजार उपकरण आवश्यक नपर्ने प्रकारका श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सि. फ्रेम स्ट्रक्चरका भवन, विद्युत सम्बन्धि कार्य लगाएतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना समेत उपभोक्ता समिति मार्फत गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायिबाट वोलपत्रको माध्यमबाट प्रतिस्पर्धाको विधि अनुसार गराउनु उपयुक्त देखिन्छ :

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| २७/२०८१।०२।०६(समेत) | प्रहरी चौकि भवन निर्माण कार्य उ स ,माछीखोला | १८९३३४५ |
| ३३/२०८१।०२।०७ | घाटुनाच हल ट्रस निर्माण उ स | ९५७२३९ |
| ४४/२०८१।०३।०७ | लाप्राक वडा कार्यालय तल्ला थप कार्य | १२४५२९५ |
| **जम्मा** | | **४०९५८७९** |

सैद्धान्तिक बेरुजु

४२.२ **उपभोक्ताको काममा मेसिनको प्रयोग:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ साथै सोहि नियमावलीको नियम ९७ मा एक करोड रुपैँया सम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ। पालिका निम्न भौचर नं. मितिबाट बाटो निर्माण , नयाँ ट्रायक खोल्ने जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्नेछ :

| भौ.नं./मिति | कार्य/योजना | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३४/२०८१।०२।०७ | गुम्दा मूल सडक देखी हुल्वेत रेशे शाखा सडक | १८३९६४० | एक्साभेटर |
| ६७/२०८१।०३।१९ | खेल मैदान सम्याउने कार्य (हाट बजार मैदान निर्माण उ स) | ४३९५८३ | एक्साभेटर |
| ७८/२०८१।०३।१२ | उहिया माथिल्लो गाउँ सडक मोटर बाटो निर्माण | ४८०००० | एक्साभेटर |
| ६९/२०८१।०३।१९ | माछी खोला केरौजा सडक | १८६२५४१ | एक्साभेटर |
| **जम्मा** | | **४६२१७६४** | |

सैद्धान्तिक बेरुजु

४३ **अन्य निकायको खर्च :** (२७-२०८१-२-६):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी प्रहरी चौकी निर्माण कार्यको लागि रु.१८९३३४५ खर्च लेखेकोले उक्त खर्च मितव्ययी भएको देखिएन । पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस्ता खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । अत: पालिकाले लेखेको उक्त खर्च नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | १८,९३,३४५ |
|---|---|

४४ **टुक्रा खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिम कुर्सी, टेवुल, सोफा लगायतका फर्निचर र कम्प्युटर, प्रिण्टर लगायतका मेशिनरी औजार खरिद गर्दा नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम पटक पटक सोझै खरिद गरेको देखियो साथै नियमावली बिपरित एउटै बिक्रेताबाट सोझै एक पटक भन्दा बढी पटक समेत खरिद गरेको छ । वार्षिक खरिद योजना बनाई स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।अत:कानूनमा भएको व्यवस्थाको पाल्ना गर्नुपर्दछ । केही उदहारण :

| भौ.नं./मिति | भुक्तानी पाउने | सामग्रीको विवरण | रकम |
|---|---|---|---|
| ८७/२०८०।०८।२७ | मनास्लु अप्सेट प्रेस | छपाई सम्बन्धि | १७६२७९ |
| ११५/२०८०।०९।२५ | उज्वल स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायत | ५८२९६७ |
| २०३/२०८०।१२।२२ | पूर्णचण्डी सप्लायर्स | कार्यालय सामग्री | ५१४१६६ |
| २२९/२०८१।०२।०६ | बि थ्री कम्प्युटर्स | कार्यालय सामग्री | ९९४४० |
| २६३/२०८१।०३।०८ | कुशुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम | फनिर्चर | ९९४४० |
| १५३/२०८०।१०।१९ | वेष्टर्न प्रिन्टिङ प्रा लि | प्रिन्टिङ सामग्री | २३३३४५ |
| **जम्मा** | | | **२७१००००** |

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **जिन्सी दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले २०८०।०९।१३ मा माछीखोला प्रहरीचौकीलाई हस्तान्तरण गरेको रु.२४६५५२ मुल्यबराबरको मोटरसाइकल ( नं.८१८४) जिल्ला प्रहरी कार्यालय गोरखाको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४६,५५२ |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : धार्चे गाउँपालिका, गोरखा , धार्चे गाउँपालिका , गोरखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | काजीमान सुनार | २०७९-५-३१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बलराम श्रेष्ठ | २०८१-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पदम थापा | २०७९-६-३ | २०८१-४-३२ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३६५,०९७ | २,४१०,८४५ | ४५०,३४२ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ५,२२६,२८४ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १३१,९०१ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १४६४९००६९.१९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७५३२३९९२.०७ | चालु खर्च | २४९८१२६९५.६२ |
| प्रदेश सरकारबाट अनुदान | १२४७०३६४ | पूँजीगत खर्च | १४४४४५०८५ |
| राजश्व बाँडफाँट | ८३०९७३४६.२८ | वित्तीय/अन्य व्यवस्था | ९०९५४०७१.६२ |
| आन्तरिक आय | ४५५६०९६.५३ | | |
| अन्य आय | ९८०९३५८६.७७ | | |
| कुल आय | ४७३५४१३८५.६५ | कुल खर्च | ४८५२११८५२.२४ |
| बाँकी मौज्दात | | १३४८१९६०२.६ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | कार्यक्रम खर्च | शिक्षा तर्फ स्वास्थ्यतर्फ कृषि तर्फ पदाधिकारी सुविधा |
| २ | उपभोक्ता समितिमार्फत खरिद | उपभोक्ता समिति |
| ३ | ठेक्का व्यवस्थापन | सार्वजनिक खरिद |
| ४ | प्रशासनिक खर्च | प्रशासनिक खर्च |
| ५ | विविध | विविध खर्च |
| ६ | आन्तरिक आय | आन्तरिक आय |
| ७ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ अनुसार लाभग्राही अभिलेख (VERSP-MIS) अध्यावधिक गरे नगरेको, नवीकरण तथा लगत कट्टा र थप भएको लाभग्राहीको विवरण तयार भिडान गर्ने तथा बैकको डमी, पार्किङ र जि.एल. बैंक खाताको विवरण लिई भिडान गर्ने |